# आर्थिक वर्ष २०८०।०८१ को वार्षिक प्रगति प्रतिवेदन

**याङवरक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**थर्पु, पाँचथर**

# आ.व. २०८०/०८१ को वार्षिक समिक्षा प्रतिवेदन

## आर्थिक वर्ष २०८०।०८१ को वार्षिक प्रगति प्रतिवेदन

**याङवरक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**थर्पु, पाँचथर**

## खण्ड १ – परिचय र समीक्षा

### १.१ पृष्ठभूमी

याङवरक गाउँपालिकाको आ.ब. २०८०।०८१ को स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत वार्षिक समिक्षा कार्यक्रमको आयोजना भईरहँदा यस गाउँपालिकाको आ.ब. २०८०।०८१ को वार्षिक प्रगति प्रतिवेदन पेश गर्न पाउँदा अत्यन्त गौरवान्वित महशुस गरेको छु । गाउँपालिकाले हाल सम्म गरेको क्रियाकलापहरु आम याङवरकका नागरिकको घरदैलोमा गई सार्वजनिक गर्नु, नागरिकलाई गाउँपालिकाले संचालन गरेको विकास निर्माण लगायत सेवा प्रवाह उपर कुनै प्रश्न, दुविधा, सुझाब भए सो संकलन गर्नु र आम याङवरकका नागरिक र स्थानीय सरकार बिचको दूरी कम गर्दै गाउँपालिकालाई सुशासन र पारदर्शी शासनको प्रत्याभुति दिनु नै आजको कार्यक्रमको मुलभूत उद्देश्य रहेको छ ।

**(क) आर्थिक क्षेत्र**

**कृषिः-**

- तरकारीको बिउ-बिजन वितरण (५० प्रतिशत अनुदानमा) ८०० घर परिवारलाई अनुदानमा विभिन्न जातका तरकारी बिउ वितरण सम्पन्न भएको र वितरण जारी रहेको छ
- कृषि विकास शाखा बाट प्राविधिक सल्लाह सहित तरकारी,फलफुल तथा खाधन्न बालिमा लाग्ने रोग तथा किराहरुको समाधानका लागि कृषकहरुलाई आवश्यकता अनुसार निःशुल्क बिषादी वितरण गरिएको छ
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना आलुबाली बालीमा पकेट विकास कार्यक्रम (निरन्तरता तर्फ) वडा नं. २ र ५ मा आलुबाली पकेट विकास कार्यक्रम संचालन सम्पन्न भएको छ
- मलखाद व्यवस्थापन सम्बन्धि अभिमुखीकरण कार्यक्रम वडा नं १ देखि ६ सम्म गरि १९५ कृषकमाझ तालिम संचालन सम्पन्न भएको छ
- माटो परिक्षण शिबिर १-६ वडा कृषि ज्ञान केन्द्रको आर्थिक तथा प्रविधिक सहयोगमा ७१ वटा माटोको नमुना परिक्षण कार्यक्रम सम्पन्न भएको छ
- किसान सूचीकरण कार्यक्रम १-६ वडामा अपूर्णबाट ४० जना संख्या थप गरिएको छ
- कृषि स्नातक करार नियुक्ति गरिएको छ
- साना सिचाई आयोजना लक्षित कार्यक्रम (७५% अनुदान) वडा नं. २ र ३ का महिला कृषक समुहमा कार्यक्रम संचालन सम्पन्न गरिएको छ
- अनुगमन तथा पृष्ठपोषण वडा नं. १ देखि ६ मा आवश्यकता अनुसार संचालन गरिएको छ
- यस कृषि विकास ईकाइमा नयाँ ७ वटा कृषक समूह दर्ता तथा ४ वटा कृषक समूहको प्रमाण पत्र नविकरण गरिएको छ
- बीउ विजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत उन्नत बीउ वितरकलाई प्रोत्साहन स्वरुप १००० के.जी. मकैको बिउ वितरण सम्पन्न भएको छ

- सिताके च्याउ प्रबर्धन कार्यक्रम वडा नं १,३ र ४ का कृषक समुह तथा फर्मबाट कार्यक्रम संचालन गरिएको छ
- कार्यगत तालिममा खटिएका (४ जना) प्रशिक्षार्थीहरुलाई क्षमता अभिबृद्धि तथा परिचालन गरिएको छ
- नेपाल सरकार संघीय कृषि मन्त्रालय ,खाद्य तथा कृषि संगठन नेपाल र याङवरक गाउँपालिका को संयुक्त आयोजनामा "एक देश एक प्राथमिकता प्राप्त उत्पादन" अन्तर्गत नेपालमा अलैचीको मूल्य श्रृंखला प्रवर्दन आयोजना बाट याडवरक गाउँपालिका वार्ड नं. ३ ओयामका २७ जना अलैची कृषकहरुलाई अलैंची असल कृषि अभ्यास पाठशाला संचालनमा रहेको छ।
- प्रदेश सरकारको "समस्या ग्रस्त क्षेत्रमा अभियानमूलक बाली संरक्षण कार्यक्रम" अन्तर्गत वडा नं ६ का २५ जना सुन्तला खेतिमा आवद्द कृषकहरुलाई सुन्तलाजात बालि व्यवस्थापन सम्बन्धि स्थलगत तालिम तथा आवश्यक पर्ने सामाग्रीहरु निशुल्क वितरण गरिएको छ।

**पशूः-**

- १२ हजार ६ सय ७५ पशुमा आन्तरिक तथा वाह्य परजिवी नियन्त्रणका साथै अन्य निशुल्क उपचार सेवा उपलव्ध गराइएको छ
- स्वास्थ्य शाखा र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, फिदिम, पाँचथरको समन्वयमा थर्पु बजार क्षेत्रमा ३५ वटा र ६ नं. वडामा ३५ वटा गरी कुल ७० वटा कुकुरमा निशुल्क रुपमा रेविज रोगको भ्याक्सिनेशन गरिएको छ
- वडा नं. १ र २ मा रेड पाण्डा प्रोजेक्टको सहयोगमा ४० वटा कुकुर र १० बिरालोमा निशुल्क रुपमा रेविज रोगको भ्याक्सिनेशन गरिएको छ
- छुर्पी प्रवर्द्धन कार्यक्रममा ३ वटा लाभग्राही संस्था छनौट गरी संचालन गरिएको छ
- गाई तथा भैंसी प्रवर्द्धन कार्यक्रम ४ वटा लाभग्राही संस्था छनौट गरी संचालन गरिएको छ
- मासु पसल सुधार कार्यक्रम ३ वटा लाभग्राही संस्था छनौट गरी संचालन गरिएको छ
- बाख्रापालन प्रवर्द्धन कार्यक्रम २ वटा लाभग्राही संस्था छनौट गरी संचालन गरिएको छ
- ७५ प्रतिशत अनुदानमा १० जना कृषकहरुलाई इलेक्ट्रोनिक च्याफकटर वितरण गरिएको छ
- पशुपंक्षी सेवा शाखामा यस आव मा ८ वटा कृषि तथा पशपंक्षी फर्म दर्ता गरि प्रमाण पत्र प्रदान गरिएको छ
- सवै वडाबाट कृतिम गर्भाधान संचालन हुँदै आएको छ। यस आ.व. मा १ हजार १ सय २१ गाई तथा भैंसीमा कृतिम गर्भाधान सेवा पुर्याईएको छ।
- ६ हजार ५ सय १० वटा बाख्रामा PPR र १३ हजार २ दुई सय ६२ वटा गाई तथा भैंसीमा खोरेत विरुद्धको निशुल्क रुपमा भ्याक्सिनेशन गरिएको छ

**पर्यटन**

- यस याङवरक गाउँपालिकाको पहिचार **निशान कालीकाधाम तथा याङवरक पोखरी पर्यटन पूर्वाधार योजना** निर्माण सम्पन्न भएको छ।
- सिम्ले हिटिधारा पर्यटकीय पूर्वाधार निर्माण अन्तर्गत पर्यटकीय सुचना केन्द्र, याङवरक-५ को भवन निर्माण सम्पन्न भएको छ
- थुव्तेन साङगात छयोलिङ गुम्बा, याङवरक-१ को तला थप योजना सम्पन्न भएको छ
- गुम्से पर्यटकीय पूर्वाधार निर्माण, याङवरक-५ को निर्माण सम्पन्न भएको छ
- गुप्तेश्वर महादेव पूर्वाधार निर्माण, याङवरक-३ अन्तर्गत शौचालय निर्माण कार्य सम्पन्न भएको छ

**उद्यमशिल विकास कार्यक्रम**

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको अभिमुखिकरण कार्यक्रम वडा नं. २ मा सम्पन्न भएको छ।
- सहभागितात्मक ग्रामिण लेखाजोखा (पिआरए) कार्यक्रम वडा २ मा सम्पन्न भएको छ।
- घरघुरी सर्भेक्षण तथा सम्भावित लघु उद्यमी पहिचान कार्यक्रम वडा नं. २ मा सम्पन्न भएको छ।
- उद्यमशीलता विकास तालिम वडा नं. २ मा सम्पन्न सम्पन्न भएको छ।
- प्राविधिक सीप विकास तालिम अन्तर्गत ३० दिने सिलाइ कटाइ तालिम वडा नं. २ फलैचाका १५ जना सहभागिहरुले लिएका छन।
- उद्यमीको स्तरोन्नति तर्फ १५ दिने बाँसका सामाग्री निर्माण कार्यक्रम वडा नं. १ च्याङथापुमा १५ जना सहभागीहरुले लिएका छन्।
- सिलाई कटाई तालिम लिइसकेका वडा नं. २ फलैचाका १३ जना सहभागीहरुलाई एक एक थान सिलाई कटाई मेसीन वितरण गरिएको छ।
- अति गरिब परिवारका लागि कम्तिमा १० जनाको लागिहुने गरी साझा सुविधा केन्द्र (उद्यम घर) वडा नं. ३ ओयाममा निर्माण भएको छ।

**सहकारी :**

- १६ वटा सहकारी संस्थाहरुलाई सुचना प्रविधि सम्बन्धि तालिम दिइएको छ।
- १६ वटा सहकारी संस्थाहरुलाई लेखा व्यवस्थापन तालिम सम्बन्धि दिइएको छ।

**(ख) सामाजिक क्षेत्र**

**शिक्षाः-**

- विद्यालयमा पुस्तकालय व्यवस्थापन अनुदान कार्यक्रम अन्तर्गत श्री गणेश मा.वि. मा पुस्तकालय स्थापना र श्री बुद्ध मा.वि.मा विज्ञान प्रयोगशाला स्थापना गर्ने कार्य सम्पन्न गरिएको छ ।
- निशुल्क पाठ्यपुस्तक अनुदान वापत अनिवार्य, ऐच्छिक तथा स्थानीय मातृभाषालाई प्रोत्साहन गर्नको लागि लिम्बु भाषा (आनीपान) अध्यापन गराइरहेका विद्यालयहरुमा पाठ्यपुस्तक खरिदको लागि अनुदान रकम निकासा गरिएको छ ।
- आधारभूत तह कक्षा ८ को वार्षिक परीक्षा व्यवस्थित र मर्यादित तवरले सञ्चालन गरी ग्रेडसिट उपलब्ध गराउने कार्य सम्पन्न गरिएको छ ।
- श्री विष्णु माध्यमिक विद्यालय च्याङ्थापुमा आवासीय छात्रावास कार्यक्रम सञ्चालन गरी सोको लागि अनुदान समेत उपलब्ध गराइएको छ र सो आवासीय छात्रावासमा कक्षा १-५ मा अध्ययनरत विद्यार्थीहरु रहेका छन् ।
- विद्यालयमा भर्ना भएका १-८ सम्मका सबै छात्रा तथा दलित र अपाङ्गता भएका विद्यार्थीहरुलाई छात्रवृत्ती रकम उपलब्ध गराइएको छ ।
- श्री थर्पु माध्यमिक विद्यालयलाई नमुना विद्यालयको रुपमा स्थापना कार्य गर्नका गत आ.व. हरुदेखी नै सुरुवात गरिएको छ । सो विद्यालयका लागि छात्रावास, एकेडेमिक भवन, ICT ल्याव लगायतका आवश्यक पुर्वाधार निर्माण कार्य अगाडी बढीरहेको छ । यसै गरी प्राविधिक धार अन्तर्गत बाली विज्ञानको पढाई कार्य क्रमसः कक्षा १२ सम्म सञ्चालन गरिने कार्यक्रम अगाडी बढिरहेको छ ।
- श्री थर्पु माध्यमिक विद्यालयमा पाँचथरको एक मात्र लोकप्रीय कार्यक्रम “पढ्दै कमाउँदै” कार्यक्रमलाई निरन्तरता दिई अगाडी बढाइएको छ । जस अन्तरगत च्याउ खेती, तरकारी खेती, गड्यौली मल उत्पादन कार्य भैरहेको छ ।
- विद्यालयमा कार्यरत लिम्बु भाषा प्रशिक्षण गर्नुहुने शिक्षकहरुको लागि ७ दिने लिम्बु भाषा प्रशिक्षण तालिम सम्पन्न गरिएको छ ।
- स्थानीय पाठ्यक्रम निर्माण गरि विद्यालयमा पठन-पाठन सञ्चालन गर्न स्थानीय पाठ्यक्रम प्रवोधिकरण तालिम सम्पन्न गरिएको छ ।
- शिक्षक सेवा आयोग पास गरेर आउनु भएका नवप्रवेशी शिक्षकहरुलाई सेवा प्रवेश तालिम सञ्चालन गरिएको छ ।
- विद्यालयमा वर्ष भरी गरिने विभिन्न शैक्षिक कार्यक्रमहरुलाई एकरुपता तथा व्यवस्थित गर्न सत्र २०८१ को शैक्षिक क्यालेण्डर निर्माण गरी विद्यालयहरुलाई वितरण गरिएको छ ।
- राष्ट्रपति रनिङ शिल्डको लागि प्राप्त अनुदामा नपुग रकम पालिकाबाट थप गरी पालिका स्तरीय र जिल्लास्तरीय प्रतियोगिता सञ्चालन गरी विद्यार्थीहरुको खेलबिकासको प्रयास गरिएको छ ।

- विद्यालयमा कार्यरत शिक्षक, वालविकास शिक्षक तथा कर्मचारीहरुको  तलव भत्ता निर्दारित समयमा नै निकासा गरिएको छ ।
- नेपाल सरकार सशर्त अनुदानबाट सामुदायिक विद्यालयहरुमा दिवा खाजा कार्यक्रम वापतको रकम विद्यार्थी संख्या र खाजा खुवाएको दिन समेत एकिन गरि सम्बन्धित विद्यालयको खातामा निकासा गरिएको छ ।
- याङवरक गाउँपालिकाका विभिन्न वडाहरुबाट २२ वटा सामुददायिक विद्यालयलाई विभिन्न शीर्षककमा विनियोजन गरेको रकमबाट तोकिएको कार्य सम्पन्न गरि निकासा गरिएको छ ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट सिकाइ आपूरण तथा द्रुत सिकाई योजना (ReAL Plan) कार्यक्रम कार्यान्वयका लागि तोकिएका Diagnostic tools प्रयोग गरी विद्यालयहरुमा सिकाइ अभिवृद्धि गर्ने कार्य सम्पन्न गरिएको छ ।
- विद्यालय सुपरिवेक्षण तथा शिक्षकहरुको पेसागत विकासका लागि विज्ञ शिक्षकहरु मार्फत विद्यालय तथा कक्षा अवलोकन गरी पृष्ठपोषण समेत प्रदान गरिएको छ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई सेनिटरी प्याड वितरण कार्यक्रम अन्तर्गत सेनिटरी प्याड खरिद गरी सामुदायिक विद्यालयलाई वितरन गरिएको छ ।
- सामुदायिक सिकाई केन्द्रको लागि विनियोजन भएको रकम सम्वन्धित सामुदायिक सिकाई केन्द्रलाई निकासा गर्ने कार्य सम्पन्न गरिएको छ ।
- कार्यसम्पदानमा उत्कृष्ट हुने  विद्यालयलाई विनियोजन भएको रकम दुई वटा सामुदायिक विद्यालयलाई निकासा गरिएको छ ।
- विद्यालयका शैक्षिक मुद्दा तथा समसामयिक विषयमा छलफल गर्न ४ पटक प्र.अ बैठक सम्पन्न गरिएको छ ।
- नेपाल सरकार तथा प्रदेश सरकारका सशर्त तथा पालिकाले आन्तरिक रुपमा सम्पन्न गर्नु भनि निर्देशन गरेका सम्पूर्ण कार्यक्रमहरु सम्पन्न गरिएको छ ।
- विद्यालयको भौतिक तथा शैक्षिक पक्षमा सुधार गर्न विद्यालय अनुगमन तथा निरिक्षण कार्य गरिएको छ ।
- शिक्षा, युवा तथा खेलकुद शाखाबाट गर्नुपर्ने दैनिक प्रशासनिक कार्यहरु नियमित रुमा सञ्चालन गरिएको छ ।

**स्वास्थ्यः-**

- नेपाल नेत्र ज्योति संघ जिल्ला शाखा ताप्लेजुङ संग भएको समझदारी पत्र (MOU) अनुसार यस गाउँपालिकाको स्थित वडा नं. ४ मा स्थापना भएको याङवरक आँखा उपचार केन्द्रमा मिति २०८०/०८/१४ र १५ गते दुई दिने मोतियाविन्दुको अपरेसन सहितको विषेशज्ञ सेवा प्रदान गर्ने गरी मिति निशुल्क आँखा शिविर संचालन गरिएको छ । उक्त शिविरवाट ३२ जना मोतिया विन्दुको अप्रेसन सहित ३ सय ९७ जना बिरामी लाभान्वित भएका छन ।

- मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराईरहेका, मेरुदण्ड पक्षघातका विरामी र क्यानसर रोगीलाई नेपाल सरकारले उपलब्ध गराउने मासिक रु.५ हजार मा गाउँपालिकाको तर्फबाट मासिक रु.२ हजार थप गरी मासिक रु.७ हजार को दरले ४१ जना विरामीलाई रकम वितरण गरिएको छ ।
- स्वास्थ्य चौकी च्याङथापु, स्वास्थ्य चौकी फलैचा, स्वास्थ्य चौकी ओयाममा स्वास्थ्य चौकी नागी, आधारभुत स्वास्थ्य केन्द्र हिटिधारा र स्वास्थ्य चौकी थर्पुमा सकृय क्षयरोग खोजपडताल स्क्रिनिङ शिविर संचालन गरिएको छ। जसमा ३२७ जनाको स्क्रिनिङ गरिएकोमा याङवरक वडा नं १ मा १ जना र वडा नं.५ मा १ गरी २ जना सक्रिय क्षयरोगका विरामी पत्तालगाई स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा औषधी खुवाउन सुरु गरिएको छ।
- यस गाउँपालिकालाई मिति २०८०/१२/०३ गते पाँचथर जिल्लाको दोस्रो पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कायम भएको गाँउपालिका घोषणा गर्न सफल भईएको छ।
- राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत गाउँपालिकामा पहिलो खोप १ सय ९८ जना बालबालिकाले प्राप्त गरेका छन र २ सय ४४ जना बालबालिकाले पुर्ण खोप प्राप्त गरीसकेका छन्।
- यस गाउँपालिका अन्तर्गतका प्रत्येक वडाहरुमा २६ वटा खोप केन्द्र मार्फत जन्मेदेखि १५ महिना मुनिका वालवालिकाहरुलाई राष्ट्रिय खोप तालिका अनुसार १३ प्रकारको रोग विरुद्व प्रत्येक महिना खोप सेवा प्रदान गरिदै आएको छ।
- राष्ट्रिय भिटामिन ए कार्यक्रम अन्तर्गत २०८० कार्तिक २-३ र २०८१ बैशाख ६-७ गरी दुई पटक संचालित कार्यक्रममा जम्मा ११ सय ४८ जना बालबालिकालाई भिटामिन ए को क्याप्सुल खुवाइएको छ। साथै सोही अभियानमा ५ वर्ष मुनिका १ हजार ४८ जना वालवालिकालाई जुकाको औषधी खुवाईएको छ।
- यस गाउँपालिकाको सबै वडाको कुल २१ वटा केन्द्रवाट गाउँघर क्लिनिक मार्फत सेवाग्राहीलाई सेवा प्रदान गरिएको छ।
- स्वास्थ्य चौकीको भौतिक पूर्वाधार सुधार अन्तर्गत वडा नं. ३ स्वास्थ्य चौकी ओयाम र वडा नं. २ को स्वास्थ्य चौकी फलैचा (बेतेनीमा) सुविधा सम्पन्न बर्थिङ सेन्टर सहितको स्वास्थ्य चौकीको निर्माण सम्पन्न भएको भवन विधिवत रुपमा समु-उद्याटन गरी सेवा प्रवाह सुचारु भएको छ।
- गाउँपालिकामा कार्यरत ४५ जना महिला स्वास्थ्य स्वयंसेविकाहरूले पुर्याउनु भएको योगदानको कदर गर्दै यातायात खर्च शिर्षकमा मासिक १५ सयको दरले रकम भुक्तानी गरीएको छ।
- बर्थिङ सेन्टरमानै सुत्केरी गराउने अभियान अन्तर्गत स्वास्थ्य चौकी थर्पु, स्वास्थ्य चौकी नागी,स्वास्थ्य चौकी ओयाम, स्वास्थ्य चौकी फलैंचा र स्वास्थ्य चौकी च्याङथापुमा जम्मा १०४ जना गर्भवती महिलाहरलाई वर्थिङ सेन्टरबाट सुरक्षित प्रसुति सेवा प्रदान गरिएको छ।

- नेपाल सरकारले निशुल्क रुपमा प्रदान गरेको ९८ प्रकारका निशुल्क औषधिहरुलाई बाह्रै महिना चौविसै घन्टा निशुल्क रुपमा वितरण गरिएको छ ।
- जटिलताका कारण बर्थिङ सेन्टरबाट आकस्मिक रुपमा प्रेषण हुने गर्भवती तथा सुत्केरी आमाहरु ३४ जना लाई एम्बुलेन्स खर्च उपलब्ध गराइएको छ ।
- प्रजनन् रुघणता स्वास्थ्य सेवा स्क्रिनिङ तथा चिकित्सक सहितको घुम्ति शिविर संचालन गरिएको छ । उक्त घुम्ति शिविरबाट संकास्पद पाठेघरको मुखको क्यान्सरका ४५ जना विरामीलाई जाँच गरी रेफर सहित २ सय ५ जना सेवाग्राही लाभान्वित भएका छन ।
- ५ वर्ष मुनिका बच्चाहरुको पोषण स्थिती लेखाजोखा स्क्रिनिङ शिविरमा ११ सय ८८ जना बच्चाहरुको पोषण स्थिति लेखाजोखा गरिएको छ । जसमध्ये १० जना बच्चा कुपोषित पहिचान गरी उपचारको दायरामा ल्याईएको छ ।
- वडा कार्यालय तथा स्वास्थ्य संस्थामा स्तनपान कक्ष निर्माण गरिएको छ ।
- बाल मैत्री तथा पोषण मैत्री पालिका घोषणको लागि वडा स्तरमा सरोकारवालाहरुलाई अभिमुखिकण सम्पन्न गरिएको

**खानेपानीः-**

- असिने बर्खे पधेरेमुल छयाछयारे वृहत खानेपानी योजनाको प्याकेज-१ र २ सम्पन्न भइ १०२ घर घरधुरीलाई स्वच्छ खानेपानी उपलब्ध गराइएको छ ।
- ओयाम वृहत खानेपानी योजना सम्पन्न भइ ४९ घर घरधुरीलाई स्वच्छ खानेपानी उपलब्ध गराइएको छ
- अन्य योजनाहरु मार्फत २४ घरधुरीलाई समेत स्वच्छ खानेपानी उपलब्ध गराइएको छ
- अन्य ६ वटा खानेपानीका योजनाहरूको मर्मत सम्पन्न भएको छ
- जम्मा १७५ घरधुरीमा खानेपानी सेवा विस्तार भएको छ

**खेलकुदः-**

- पालिकाको गौरवको आयोजनाको रुपमा रहेको मल्टिप्रपोज कभर्डहल निर्माण कार्य सम्पन्न भएको छ
- आ.व. २०८०/०८१ को जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा १९ स्वर्ण, १६ रजत र ११ कास्य पदकसहित याङवरक गाउँपालिकाले दोस्रो स्थान हासिल गरेको छ ।
- फाल्गुनन्द गाउँपालिकाद्वारा आयोजित अन्तरपालिका स्तरीय पुरुष भलिबल प्रतियोगितामा याङवरक गाउँपालिकाले प्रथम स्थान हाँसिल गरेको छ ।
- अन्तर पालिकास्तरीय २ वटा फुटबल प्रतियोगितामा याङवरक गाउँपालिकाको सहभागिता भएको छ ।
- अन्तर पालिकास्तरीय ४ वटा भलिबल प्रतियोगितामा याङवरक गाउँपालिकाको सहभागिता भएको छ ।

- खेलाडीहरुको प्रोत्साहनको लागि समय-समयमा खेलाडी सम्मान कार्यक्रमको आयोजनना गरिएको छ।
- खेल जगतको विकासको लागि अन्तरपालिका स्तरीय भलिबल प्रतियोगिता सञ्चालन गरिएको तथा स्थानीय खेलाडीको प्रतिभा पहिचानको लागि वडास्तरीय फुटबल प्रतियोगिता र अन्य खेलकुद प्रतियोगिताहरुको आयोजना गरिएको छ।

**लैंगिक समानता तथा सामाजिक समावेशिकरण:-**

- आ व. २०८०/०८१ मा जम्मा ३८ जना अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिएको छ।
- ५ जना अपाङगता भएका व्यक्ति तथा परिवारका सदस्यहरुलाइ १५ दिने वाँसको फर्निचर सम्बन्धी सिपमुलक तालिम प्रदान गरिएको छ।
- १७ जना अपांगता भएका व्यक्ति लाइ सहायक सामाग्री वितरण गरिएको छ।
- ७ जना अपाङगता भएका व्यक्तिलाइ स्वास्थ्य उपचारमा सहयोग गरिएको छ।
- १२ जना ओ.पि.डि. तथा मिलिजुली समुहका पदाधिकारीहरुलाई क्षमता विकास तालिम प्रदान गरिएको छ।
- पहुँचयुक्तता सम्बन्धी नमुना स्थल निर्माण कार्य श्री थर्पु मा.वि. मा कमोड वाला शौचालय निर्माण गरिएको छ
- याङवरक गाउँपालिका भित्रका ६० वर्ष माथिका ४ जना जेष्ठ नागरिकहरुलाई जेष्ठ नागरिक परिचय पत्र प्रदान गरिएको छ।
- ६ वटा मिलिजुली समुहहरुका लागि बीउपुँजि अनुदान रकम उपलब्ध गराइएको छ
- यस आ व मा जम्मा २५ जना अपाङ्गता भएका व्यक्तिहरुको घरभ्रमण गरी निजहरुको स्वास्थ्य अवस्था,समस्या गुनासोहरु को अवलोकन गरिएको छ।
- १५ जना कार्यपालिका सदस्यहरुलाई अपाङ्गता सम्बन्धी कानुनी मस्यौदा तालिम प्रदान गरिएको छ।
- २० जना अपाङ्गता भएका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको छ।
- ३० जना रातो कार्ड वाहक र २ जना अन्य वर्गका अपाङ्गता भएका व्यक्तिको नि:शुल्क स्वास्थ्य बिमा र ९ जना पहेँलो कार्डवाहक अपाङ्गता भएका व्यक्तिहरुलाई ५०% साझेदारीमा स्वास्थ्य बिमा कार्यक्रम सम्पन्न भएको छ।
- ५ जना अपाङ्गता भएका व्यक्तिहरुलाई ‘बाख्रा पालन सम्बन्धी तालिम’ प्रदान गरी प्रविधि हस्तान्तरण स्वरुप १/१ वटा बाख्रा बितरण गरिएको छ।
- यस गा.पा.भित्र रहेका अपाङगता भएका व्यक्तिहरुको तथ्याङक संकलन गरिएको छ।
- यस वर्ष अपाङ्गता भएका व्यक्तिहरुको दिवस मनाउन सफल भएको छ।
- अपाङ्गता भएका व्यक्तिहरुको संस्था याङवरक अपाङगता संस्थालाई संस्था सुदृढिकरण तथा अपाङ्गता शसक्तिकरणको लागि अनुदान रकम उपलब्ध गरिएको छ।
- अपाङ्गता मैत्री भौतिक संरचना हरु निर्माण शुरु भएका छन।

**महिला बालबालिका**

- बाल बिबाह अन्त्यका लागि किशोरी सशक्तिकरण कार्यक्रमको लागि छनौट गरिएको श्री गणेश मा.वि. मा किशोरी सशक्तिकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- प्रदेश सरकारको सहयोगमा सबै वडा र पालिका स्तरिय किशोरी सुचना केन्द्र स्थापना गरिएको छ।
- सवै बिद्यालयमा वालक्लब र सवै वडामा वालसञ्जाल गठन गरिएको छ।
- वाल विवाह न्यूनिकरण सम्बन्धी सबै मा.वि. स्तरिय विद्यालयमा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- श्री विष्णु मा.वि., श्री बुद्ध मा.वि., श्री थर्पु मा.वि. र श्री गणेश मा.वि. मा वालमैत्री वासकर्नर निर्माण गरी कार्यक्रम सम्पन्न गरिएको छ।
- लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान र नारी दिवस कार्यक्रम सम्पन्न गरिएको छ।
- पोषण सुधारका लागि आय-आर्जन अनुदानका लागि वडा नं. १ मा २५ जना सुनौलो हजार दिने महिलाहरुको समुह गठन गरिएको छ।
- सवै वडामा स्तनपान कक्ष स्थापना गरिएको छ।
- सवै वडामा बालमैत्री पालिका घोषणा सम्वन्धी वडा स्तरीय अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ।

**भूमि व्यवस्थापन इकाइः**

- भूउपयोग योजना निर्माण कार्य सम्पन्न भएको छ।
- भूउपयोग नियमावली २०७९ अनुसार गाउँपालिका भित्रको २२०९९ वटा कित्ताको भूउपयोग वर्गिकरण र नक्साकंन गर्ने कार्य सम्पन्न भएको छ।
- गाउँपालिकाको प्रशासनिक भवनको लागि जग्गा प्राप्तिको आवश्यक सम्पुर्ण प्रक्रिया पुरा गरि मन्त्रीस्तरीय निर्णय गराउने कार्य सम्पन्न भएको छ।
- भूउपयोग बर्गीकरण परिवर्तनको निवेदन सङकलन गरि स्थानिय भूउपयोग परिषदबाट निर्णय हुन बाँकी रहेको छ।

**पूर्वाधार क्षेत्र**

- निशान कालिकाधाम तथा याङवरक पोखरी संरक्षण योजना निर्माण सम्पन्न भएको छ
- मल्टीप्रपोज कवर्ड हल निर्माण सम्पन्न भएको छ
- नमुना मा.वि.को एकेडेमिक ब्लक निर्माण ७५% कार्य सम्पन्न भएको
- ओयाम वृहत खानेपानी आयोजनाको करिब ४५% कार्य सम्पन्न भएको छ
- प्रशासकीय भवनको पाटिसन तथा ल्याण्डस्केप कार्य सम्पन्न भएको

- सार्वजनिक शौचालय निर्माण (वडा ४ सँग साझेदारी) मा निर्माणाधीन अवस्थामा रहेको
- फलैँचा धिमाले तिम्बुङपोखरी जाने सडक मर्मत सम्पन्न भएको
- (स्वीस सरकार(३०%), संघिय सरकार(२०%), प्रदेश सरकार(२०%), स्थानीय सरकार(२०%) र जनश्रमदानको (१०%) लागत साझेदारीमा) कडरिया(वडा २), नावाखोला(वडा २), केराबारी(वडा ३) र चारेपुङ (वडा २) सिंचाइ योजना गरि ४ वटा सिंचाइ योजना सम्पन्न गरियो।
- भुजे तिनदोभान (वडा १), फलामखोला (वडा ३), बडहरे (वडा ३) र तारेभिर (वडा ३) सिंचाइ योजना अर्को आ.व.मा सम्पन्न हुने गरि सञ्चालनमा छन।
- करिव ८० मी. लामो खातोपा सिंचाइ कुलो (वडा-४) मर्मत गरिएको छ।
- याङवरक वडा नं. १ मा कैजले झो.पु., फ्याक्ले पाखा झो.पु. र देविखोला झो.पु गरि ३ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको छ
- याङवरक वडा नं. २ मा जौवारी झो.पु. र तितेनि झो.पु. गरि २ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको छ।
- टोल विकास तथा विभिन्न संघ संस्थाहरुमा मार्फत कुल ८५ वटा योजनाहरु सम्पन्न भएका छन।
- ५.६ कि.मी. नयाँ सडक(ट्र्याक ओपन) निर्माण गरिएको छ।
- १६.२ कि.मी. सडक स्तरउन्नति गरिएको छ।
- १४ कि.मी. सडक नालि निर्माण गरिएको छ।
- अघिल्लो आ.व. को तुलनामा नयाँ ट्याक विस्तार गर्ने कार्य २०% भन्दा कम रहेको तथा सडक स्तरउन्नती कार्य ३०% भन्दा बढीले वृद्धि भएको छ
- याङवरक गा.पा. वडा नं.३ को करिव ३८० घरधुरीलाई शुद्ध खानेपानी खुवाउने गरि ओयाम वृहत खानेपानी आयोजनाको काम ३ बर्षमा सम्पन्न हुनेगरी सुरुवात गरिएको छ
- याङवरक ४ मा रहेको खमारे खानेपानी, भिरेनी खानेपानी तथा कृषि खानेपानी योजनाहरुको मर्मत गरि संचालनमा ल्याइएको छ। मर्मत गरिएका योजना मार्फत करिव ९० घरधुरीले स्वस्छ खानेपानीको पाहुँचमा पुगेका छन।
- अन्य भवन, सडक ,सिंचाई, खानेपानी, खेलमैदान लगायतका पूर्वाधारहरुको निर्माण र मर्मत सम्पन्न भएको।
- विभिन्न लधु जलविधुत योजनाहरुको मर्मत गरि संचालन गरिएको छ।
- बालबालिका तथा असक्त, असहाय का लागी विशेष ध्यानमा राखेर संरचनाहरुको डिजाइत तथा निर्माण गरिएको छ।

**(ग) संस्थागत विकास सेवा प्रवाह र सुशासन**

- गाउँपालिकाका कर्मचारीहरुको सीप, दक्षता, क्षमता तथा अनुभवमा विकास गर्दै प्रभावकारी कार्यसम्पादन गराउन आवश्यक केही तालिम, गोष्ठीको अवसर प्रदान गरिएको छ।
- स्थानीय सरकारका रुपमा स्थापित गाउँपालिकाको कार्यबोझ र सेवाप्रवाहको विशिष्टता र विविधिकरणलाई मध्यनजर गरी कर्मचारीलाई आफ्नो कार्यप्रति पुर्ण परिचालन गरी सेवाप्रवाहलाई चुस्त र मितव्ययी बनाउने उद्देश्यले गाउँ

कार्यपालिकाको कार्यालयमा दरबन्दीमा रहेका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता तथा अन्य सम्पूर्ण कर्मचारीहरुलाई खाइपाई आएको एक महिनाको तलब बरावरको रकम उत्प्रेरणा खर्च स्वरुप प्रदान गरिएको छ।

- यस गाउँपालिकको गौरवको रुपमा रहेको नेपालको सातौ तथा पाँचथर जिल्लाको पहिलो पूर्ण अनलाईन व्यक्तिगत घटना गाउँपालिकाका प्रभावकारी निरन्तरता दिनको लागि सबै वडा कार्यलायहरुमा आवश्यक कम्प्यूटर प्रिन्टर र इन्टरनेटको व्यवस्था गरिएको छ। तर इन्टरनेटमा धेरै समस्या आउने भएता पनि कर्मचारीहरुबाट आफ्नो निजि खर्चमा नै मोवाइल डाटाको प्रयोग गरी उक्त कार्यलाई निरन्तरता दिइरहेको छ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई विद्युतीय माध्यबाट सेवा प्रवाह गर्ने गरिएको छ। जसमा योजना, अपाङ्गता, परिचय पत्र वितरण, लेखा तथा संचितकोष व्यवस्थापन, व्यक्तिगत घटना दर्ता सामाजिक सुरक्षा भत्ता, कर्मचारी व्यवस्थापन सूचना प्रणाली, न्यायिक समिति, मातृ तथा नवजात शिशु व्यवस्थापन प्रणाली जस्ता कार्यहरु विद्युतिय प्रणालीबाट मात्र हुने गरेको छ।
- स्थानीय तह गठन भए देखी हाल सम्मको अवधिमा यस गाउँपालिकाले तर्जुमा गरेको कानुनहरुलाई संग्रहको रुपमा प्रकाशन गरिएको छ।
- कार्यालयमा आवश्यकता अनुसार कार्यालय सहयोगी – २, कृषि स्नातक -१, हे.अ. -३, अ न मी -१, ल्याव अशिष्टेण्ट -१ र अ हे व - १ तथा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भएका लेखा सहायक-१, अ हे व -४ र अ न मी – २ नियुक्त गरी कामकाजमा खटाइएको छ।
- सामाजिक सुरक्षा भत्ता तर्फको पहिलो त्रैमासिक भत्ता १६ सय १०जनालाई रु १ करोड ६४ लाख ९८ हजार ५ सय ६६ रुपैया वितरण भएको छ भने दोस्रो त्रैमासिक १६ सय ३७ जनाको रु १ करोड ६७ लाख ४६ हजार ७ सय ५० रुपैया वितरण गरिएको छ।
- यस चालु आ.व. २०८०/०८१ मा ४ सय ५१ जनाको जन्म दर्ता, १ सय ७३ जनाको मृत्यु दर्ता, १ सय ६६ जनाको विवाह दर्ता, २३ जना सम्बन्ध विच्छेद, १ सय ३९ जनाको बसइसराई दर्ता भएको छ।
- न्यायीक समितमा दर्ता भएका विवादको स्थायी निरुपणको लागि मेलमिलापकर्ताहरुको व्यवस्थापन गरीएको।
- न्यायीक समितिमा आ.व. २०८०/०८१ मा १२ विवाद हरु दर्ता भएकोमा हाल २ वटा विवाद प्रकृया रहेका छन भने ३ वटा विवाद मेलमिलाप भएको छ भने ७ वटा विवाद जिल्ला अदालतमा पठाइएको छ।
- सबै मेलमिलाप केन्द्रहरुमा मेलमिलाप केन्द्रको बोड, मेलमिलाप कर्ताहरुको फोटो सहितको नामावली राखिएको छ ।
- यस याङवरक गाउँपालिकाको आ.व. २०७९/०८० को कुल ६५ करोड ४ लाख २३ हजार ५ सय १३ रुपैया ९५ पैसाको अन्तिम लेखापरिक्षण भएकोमा प्रारम्भिक प्रतिवेदनमा रु ८२ लाख १२ हजार ६ सय ९३ बेरुजु औल्याइएकोमा सबै बेरुजुहरुको समय सिमा भित्र नै प्रतिक्रिर्याको लागी महालेखा परिक्षकको कार्यालयमा पठाइएकोमा सम्पूर्ण बेरुजुको सम्परिक्षण भई यस गाउँपालिकाको बेरुजु शुन्य भएको छ।
- याङवरक गाउँपालिका वडा नं. ५ र ६ तथा स्वाथ्य चौकी नागि तथा थर्पुमा वैकल्पिक उर्जाको स्रोतको रुपमा सोलार सिस्टम जडान गरिएको छ।

- नवनिर्मित प्रशासकीय भवनमा आवश्यक फर्निचरजन्य सामाग्री व्यवस्थापन गरिएको छ ।
- याङवरक गाउँपालिका अन्तर्गत वडा नं. १, २ र ३ मा संचालिन सिंचाई योजनाहरुलाई सुरक्षा सम्बन्धी उपकरण र निर्माणको लागि चाहिने मेशिन तथा औजारहरु आवश्यक भई खरिद गरी वितरण गरिएको छ ।
- गाउँपालिकामा स्थानीय सरकारको भूमिका निर्वाह गर्दै योजनाहरु प्रभावकारी ढंगले अनुगमन, संचालन गर्न, वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालयको अनुगमन गर्न तथा सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउने उद्देश्यका साथ ५ थान मोटरसाईकल व्यवस्थापन कार्य सम्पन्न गरिएको छ ।
- कार्यालयको दैनिक प्रशासनिक कामकाजमा सहज भई सेवा प्रवाह चुस्त दुरुस्त एवम् व्यवस्थित बनाउने उद्देश्यका साथ आवश्यक स्टेसनरी तथा मेशिनरी सामानहरु व्यवस्थापन गरिएको छ ।
- प्रशासकीय भवनमा सि सि क्यामेरा जडान तथा नेटवर्किङको कार्य सम्पन्न गरिएको छ ।
- विपद् व्यवस्थापनमा आवश्यक सामाग्रीहरु खरिद गरी आवश्यकता अनुसार वितरण गरिएको छ ।
- विधुत नभएको समयमा समेत सेवा प्रवाहलाई असर नगर्ने उद्देश्यले प्रशासकीय भवनको लागि जेनेरेटर व्यवस्थापन गरिएको छ ।

**सूचना प्रविधि शाखा**

- वेवसाइट र फेसबुक पेज मार्फत दैनिक सूचना तथा डकुमेन्टहरु अध्यावधिक गरिएको छ ।
- दैनिक रुपमा कार्यालयको इमेल मार्फत पत्रहरु पठाउने तथा प्राप्त गर्ने गरिएको छ ।
- वेवसाइट र फेसबुक पेज मार्फत दैनिक सूचना तथा डकुमेन्टहरु अध्यावधिक गरिएको छ ।
- कम्प्युटरहरुमा भएका समस्याहरु सामाधान साथै सहजिकरण गरिएको छ ।
- इ/हाजिरीमा भएका समस्याहरु समाधान गरिएको छ ।
- जन प्रतितिधि तथा कर्मचारीहरुको परिचय पत्र तयार गरिएको छ ।
- विभिन्न वेव पोर्टलहरुमा डाटा अध्यावधिक गरिएको छ ।
- २०७९/०८० को LISA र FRA को तथ्याङ्क अध्यावधिक गरी नतिजा सार्वजनिक गरिएको छ ।
- खरिदका लागि स्पेशिफिकेशनहरु तयार गरी डेक्सटप, ल्यापटप र प्रिन्टर लगायतका सामग्रीहरु व्यवस्थापन भएको छ ।
- विभिन्न कार्यक्रममा प्रमाण पत्रहरु तयार तथा प्रिन्ट गरिएको छ ।
- गाउँपालिकाको प्रशासकीय भवनमा सि.सि.क्यामरा जडान तथा व्यवस्थापन भएको छ ।
- गाउँपालिकाको प्रसशासकीय भवनमा कम्प्युटर नेटवर्किङ तथा आइ.पि फोनको व्यवस्थापन भएको छ ।
- गाउँपालिको प्रशासकीय भवनमा २० एम.वि.पि.एस.को पब्लिक आ.पि. ठेगाना सहितको लीजलाइन इन्टरनेट सेवा सञ्चालनमा आएको छ ।
- आवश्यकता अनुसार सूचना प्रविधि सम्बन्धि काम गरिएको छ ।

**सूचना अधिकारी**

- आ.व. २०७९/०८० को त्रैमासिक (बैशाख-असार) स्वत: प्रकाशन तयार गरी वेवसाइट मार्फत सार्वजनिक गरिएको छ ।
- आ.व. २०८०/०८१ को त्रैमासिक (साउन-असोज) स्वत: प्रकाशन तयार गरी वेवसाइट मार्फत सार्वजनिक गरिएको छ ।
- आ.व. २०८०/०८१ को त्रैमासिक (कार्तिक-पुष) स्वत: प्रकाशन तयार गरी वेवसाइट मार्फत सार्वजनिक गरिएको छ।
- आ.व. २०८०/०८१ को त्रैमासिक (माघ–चैत्र) स्वत: प्रकाशन तयार गरी वेवसाइट मार्फत सार्वजनिक गरिएको छ।
- इश्वर तिवारी (हल्दिवारी गाउँपालिका-३) लाई सूचना उपलब्ध गराइएको छ।
- तारा बहादुर भण्डारी ज्यू बाहविसे३-, सिन्धुपाल्चोक लाई सूचना उपलब्ध गराइएको छ।

**विपद व्यवस्थापन**

- याङवरक गाउँपालिकाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० तयार पारिएको छ।
- मनसुनजन्य र आगलागीजन्य विपदको लाभग्राही पहिचान गरी अनुदान सम्झौता गर्न थालनी गरिएको छ।
- गत वर्ष २०८० असार भएको मनसुनजन्यको प्रतिवेदन तयार पारिएको छ।
- आगलागीजन्य विपदको लागि राहत सामग्री वितरण गरिएको छ।
- पहिरो रोकथामको लागि तारजाली वितरण गरिएको छ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

- बेरोजगार ब्यक्तिहरुको तथ्याङ्क संकलन गरि आवश्यक छानविन पश्चात बेरोजगार ब्यक्ति सूचि तयार र EMIS मा प्रविष्टि भएको छ
- सुचिकृत बेरोजगार ब्यक्तिहरु मध्येबाट रोजगार संलग्न गराउन ८४ जना ब्यक्तिहरु छनौट भएको छ
- रोजगार उ.भो.स. गठन र अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ
- रोजगार आयोजनाको सर्भे तथा ईष्टिमेट कार्य सम्पन्न भएको छ
- श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम ६ वटै वडामा सम्पन्न भएको छ
- १४ वटा रोजगार आयोजनाहरुको सम्झौता, योजना सम्पन्न र अन्तिम भुक्तानी कार्य सम्पन्न भएको छ
- रोजगारमा संलग्न ८४ जनालाई लाभग्राही परिचयपत्र वितरण तथा बैक खाता सञ्चालनको लागि आवश्यक सहजीकरण भएको छ
- रोजगार आयोजनाहरुको नियमित अनुगमन र प्रतिवेदन भएको छ

- रोजगार सेवा केन्द्रको मासिक,त्रैमासिक र अर्धवार्षिक समिक्षा तथा सार्वजिक सुनुवाई कार्य सम्पन्न भएको छ
- याङवरक गाउँपालिकाको ५ वर्षे रोजगार रणनीति तर्जुमा भएको छ
- रोजगारीका अवशरहरुको पहिचान र सूचना सम्प्रेषण भएको छ
- बैदेशिक रोजगारीमा जानेहरुको लागि आवश्यक सूचना प्रवाह गर्ने गरेको साथै अनलाईन श्रम स्वीकृतीको सम्बन्धी सूचना प्रचार प्रसार गरिरहेको छ
- बैदेशिक रोजगारीमा जाने ९ जना ब्यक्तिहरुको अनलाईन मार्फत श्रम स्वीकृती प्रदान गरिएको छ
- मन्त्रालय, गाँउपालिका तथा विभिन्न संस्थाहरुले आयोजना गरि आमन्त्रण गरेका कार्यक्रम तथा तालिममा सहभागी जनाइएको छ
- रोजगार सेवा केन्द्रको भौतिक र वित्तीय प्रगति विवरण मन्त्रालयमा मासिक र चौमासिक रुपमा प्रतिबेदन गरिएको छ
- नेपाल सरकार श्रमरोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आयोजनामा रोजगार सेवा केन्द्रका कर्मचारीहरुको क्षमता विकास सम्बन्धी ४ दिवशीय तालिममा सहभागी भएको।

आ.ब. २०८०/०८१ को २०८० श्रवण ०१ देखी २०८१ असार मसान्त सम्मको बित्तीय प्रगति प्रतिवेदन निम्न अनुसार रहेको छ।

- यस चालु आ.व. मा आन्तरीक राजस्व रु ४३ लाख ५० हजार अनुमान गरीएकोमा २०८० श्रावण १ गते देखी हाल सम्म रु ८६ लाख २७ हजार ९ सय ८४ रुपैया २५ पैसा राजस्व संकलन भईसकेको छ।
- यो वार्षिक लक्ष्य भन्दा रु ४२ लाख ७७ हजार ९ सय ८४ रुपैया २५ पैसा बढी राजश्व संकलन भएको छ।
- आन्तरिक राजश्व संकलन कार्यलाई नेपाल सरकारले तयार गरेको सुत्रमा आधारीत राजश्व मोडुल प्रणालीको पूर्ण प्रयोगको व्यवस्था मिलाइएको छ।
- आ.व. २०८०/०८१ को कुल बजेट ५२ करोड ७२ लाख ८ सय ५९ मध्ये ४१ करोड ३५ लाख ९ हजार ५ सय ८२ रुपैया खर्च भएको छ। जुन कुल बजेटको ७८.४३ प्रतिशत खर्च भएको छ।
- आ.व. २०८०/०८१ मा गाउँपालिकाबाट आकस्मिक कोषको स्थापना गरी विभिन्न किसिमका आर्थिक सहयोगहरु भएका जसअनुसार यस अवधिमा १८ जनालाई ४ लाख ३५ हजार आर्थिक सहायता प्रदान गरीएको छ।